मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा ट्यांकरबाट डिजेल चोरी गर्ने दुईजना पक्राउ

हेटौंडा, १५ चैत/ट्यांकरबाट डिजेल चोरी गर्ने दुई जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । हेटौंडा उपमहानगरपालिका-९ स्थित नवदुर्गा आयलस्टोरको कम्पाउण्डभित्रबाट बिहीबार दुईजनालाई पक्राउ गरेको हो । अमलेखगन्जबाट काठमांडौतर्फ जादै गरेको ना ७ ख २७९४ नम्बरको तेल ट्यांकरको डिजेल चोरी गरिरहेको अवस्थामा दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पक्राउ पर्नेमा हेटौंडा-९ नवदुर्गा आयल स्टोरमा काम गर्ने वर्ष ३० को वीरेन्द्र साह र सोही ट्यांकरचालक पर्सा वीरगञ्ज-११ श्रीपुर बस्ने वर्ष ४९ को आलम हवारी रहेका छन् । उनीहरुको साथबाट ४० लिटर डिजेल समेत बरामद गरिएको प्रहरीले जनाएको छ । दुबैलाई आवश्यक कारवाहीका लागि लागि थानकोट डिपोमा पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

# हप्ता नबित्दै फेरि सत्तामा 'हानेपा', जम्कट्टेललाई तत्काल ढुक्क

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ बागमती प्रदेशसभाको सबैभन्दा सानो दल दुई सिटको हाम्रो नेपाली पार्टी सरकारलाई समर्थन फिर्ता लिएको हप्ता दिन नबित्दै फेरि सत्तामा फर्किएको छ ।

बिहीबार संस्कृति, पर्यटन तथा सहकारी मन्त्रीमा हाम्रो नेपाली पार्टीका संसदीय दलको नेता शैलेन्द्रमान बज्राचार्य नियुक्त भए । बज्राचार्यले हेटौंडास्थित प्रदेशप्रमुखको कार्यालयमा साँझ साढे ६ बजे प्रदेशप्रमुख यादवचन्द्र शर्माबाट नेपाल भाषामा पद तथा गोपनीयताको शपथ लिए । उनै, बज्राचार्यले मुख्यमन्त्रीमा दाबी गर्दै ९ चैतमा सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए ।



समर्थन फिर्ता लिएको पत्र उनले १३ चैतमा प्रदेशप्रमुख कार्यालयमा इमेलमार्फत पठाएका थिए । पत्र पठाएको २ दिनमा सोही कार्यालयबाट उनले सरकारको नाममा सपथ लिए । अल्पमतमा परेको २३ दिनपछि बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकार विस्तार गरे । सरकार गठनका लागि बहुमत जुटेपछि अब जम्कट्टेल ढुक्क भएका छन् । यसअघि सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्ने निर्णय गरेका बज्राचार्य मन्त्री नियुक्त भएपछि जम्कट्टेलले विश्वासको मत पाउने लगभग पक्का भएको हो ।

हाम्रो नेपाली पार्टीले यसअघि ४ चैतमा विज्ञप्ति जारी गरेर मुख्यमन्त्रीमा दाबी रहेको जनाएको थियो । बज्राचार्यलाई २९ फागुनमै मन्त्री नियुक्त गर्ने तयारी गरिएको थियो । तर, उनी काठमाडौंबाट हेटौंडा नआएपछि मुख्यमन्त्री जम्कट्टेलको प्रयास विफल भएको थियो । संवैधानिक व्यवस्था अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने दबाबका बीच जम्कट्टेलले सरकार विस्तारलाई अगाडि बढाएका हुन् । उनले २२ चैतभित्र प्रदेशसभाबाट विश्वासको मत लिइसक्नुपर्नेछ । विश्वासको मत नपाएको अवस्थामा जम्कट्टेल सत्याच्यूत हुनुपर्ने संकटमा थिए ।

बागमतीमा सत्ता गठबन्धनलाई सरकार बनाउन हाम्रो नेपाली पार्टीको समर्थन निर्णायक बनेको थियो । सरकार बनाउन ५६ मत चाहिनेमा गठबन्धनका दल एमालेको २७, माओवादीको २१ र नेकपा एकीकृत समाजवादीको ७ सहित ५५ सिट मात्रै थियो । यसमा हाम्रो नेपाली पार्टीको २ मत थपिएको छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, राप्रपाको १३ र नेमकिपाको ३ सिट छ ।

सत्तासमीकरणमा फेरबदल आएसँगै कांग्रेसले मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारलाई दिएको समर्थन २३ फागुनमा फिर्ता लिएको थियो । सरकार गठनका लागि जम्कट्टेललाई गठबन्धनका दल बाहेक नै एक सिट जुटाएर बहुमत पुऱ्याउनु पर्ने थियो । झण्डै २५ दिनको प्रयासका बाबजुद हाम्रो नेपाली पार्टीलाई बिहीवार सरकारमा ल्याएर जम्कट्टेलले बहुमत सिद्ध गरे । हाम्रो नेपाली पार्टीका दुई सांसदसहित सरकारसँग ५७ जनाको बहुमत भएको हो ।

विगतमा सरकारसँगको असमझदारीबाट असन्तुष्ट बनेका शैलेन्द्रमान बज्राचार्यले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी सम्हाल्दै खुशी देखिए । पद तथा गोपनीयताको सपथ लिएपछि साझाकुरासँग प्रतिक्रिया दिँदै बज्राचार्यले भने, 'मैले संस्कृति र पर्यटनकै क्षेत्रमा काम गर्ने भएकाले यो जिम्मेवारी लिएको छु । मेरो पार्टीकै सल्लाहमा सरकारमा सहभागी भएको हो,' ।

सत्ता गठबन्धनका माओवादीसहित नेकपा एमाले र नेकपा एकीकृत समाजवादीको ५५ मात्रै सिट थियो । ११० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५६ जना सांसदको समर्थन आवश्यक पर्दछ । कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सरकारमा सहभागी नहुने भएपछि जम्कट्टेललाई हाम्रो नेपाली पार्टी सरकारमा ल्याउनुको विकल्प थिएन ।

यसअघि हाम्रो नेपाली पार्टीले बार्गेनिङ सुरु गरेपछि जम्कट्टेल राप्रपा र नेमकिपासँग छलफलमा जुटेका थिए । राप्रपा र नेमकिपासँग जम्कट्टेलसहित बागमतीका पूर्वमुख्यमन्त्री एमालेका नेता डोर मणि पौडेलले पनि भेट गरेर समर्थन मागेका थिए । एक सांसदका अनुसार राप्रपा र नेमकिपाले सर्तसहित अन्तिम अवस्थामा समर्थन गर्ने विश्वाश दिलाएको थियो । हाम्रो नेपाली पार्टी तत्काल सरकारमा नजाने भएपछि अन्य दलसँग छलफल भएको माओवादी केन्द्र बागमती प्रदेशका सचेतक रत्नप्रसाद ढकालले बताए ।

बिहीवार नेकपा एमालेका सांसद प्रकाश श्रेष्ठसहितको टोलीसँगै बज्राचार्य परिवारसहित हेटौंडा आएका हुन् । मुख्यमन्त्री कार्यालयमा दलहरुसँगको छलफलपछि चार दलीय सहमति भएको छ । सहमतिपत्रमा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, माओवादी संसदीय दलका नेता जम्कट्टेल, एकीकृत समाजवादीका डा.राजेन्द्रमान श्रेष्ठ र हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्रचार्यले हस्ताक्षर गरेका छन् ।

बागमती प्रदेशमा सत्ता गठबन्धनमा रहेका नेकपा एमाले, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीबीच प्रदेशसभाको बाँकी कार्यकालका लागि सहकार्य गरी राजनीतिक स्थायित्व दिने, सरकारको नेतृत्वमा सत्ता गठबन्धनका दलहरुबीच सहकार्य गर्ने, सरकार सञ्चालनका लागि प्रदेशस्तरीय संयन्त्र बनाउने र साझा न्यूनतम नीति कार्यक्रम बनाउने, मन्त्रिपरिषदको संख्या निर्धारण र मन्त्रालयको जिम्मेवारी विभाजनमा सहमति गर्ने निर्णय भएको छ ।

# हेटौंडा आउँदै प्रम प्रचण्ड, निर्माण व्यवसायीको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ हेटौंडामा आज शुक्रबार निर्माण व्यवसायी महासंघको साधारणसभा हुँदैछ । निर्माण व्यवसायी महासंघको केन्द्रीय साधारणसभा पहिलो पटक हेटौंडामा हुन लागेको हो ।

हेटौंडामा शुक्रबार र शनिवार सञ्चालन हुने महासंघको २५ औं वार्षिक साधारणसभाको तयारी पूरा भएको आयोजकले जनाएको छ । निर्माण व्यवसायी संघ मकवानपुरका आतिथ्यतामा हुन लागेको वार्षिक साधारणसभाको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्ने कार्यतालिका रहेको छ ।

कार्यक्रममा उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ, सहरी विकास मन्त्री धनबहादुर बुढा, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललगायतले सम्बोधन गर्ने कार्यत्रम रहेको महासंघका महासचिव रोशन दाहालले बताए । साधारण सभामा देशभरका ७७ जिल्ला शाखा, ७ प्रदेश, एसोसियट सदस्य तथा केन्द्रीय समिति, सल्लाहकार तथा प्रतिनिधि र पर्यवेक्षक गरी एकहजार ८ सय जना सहभागी हुने विहीबार हेटौंडामा पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ ।

साधारणसभा सम्पन्न गर्नका लागि महासंघ अध्यक्ष सिंहको संयोजकत्वमा मुल आयोजक समिति र विविध उपसमितिसमेत गठन गरिएको छ । साधारणसभास्थलमा निर्माण कम्पनीसँग सम्बन्धित २४ वटा स्टल पनि राखिने बताइएको छ ।

## मकवानपुरदेखि बर्दियासम्मको प्रशिक्षणलाई निस्किए थापा

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/राप्रपा नेपालका अध्यक्ष कमल थापा मकवानपुरको हेटौंडादेखि बर्दियाको गुलरियासम्म आयोजना हुने प्रशिक्षण कार्यक्रममा सहभागी हुन बिहीबारदेखि जिल्ला दौडाहामा निस्किएका छन् ।

कार्यक्रम तालिका अनुसार चैत्र १६ गते मकवानपुरको हेटौंडामा, १७ गते चितवन र नवलपुरमा, १८ गते परासी र रुपन्देहीमा, १९ गते कपिलवस्तुमा र २० गते बाँके र बर्दियामा अगुवा कार्यकर्ता भेला र प्रशिक्षण कार्यक्रम तय भएको पार्टीका महामन्त्री राजाराम बर्तौलाले जानकारी दिएका छन् ।

प्रशिक्षणमा अध्यक्ष थापाले मुलुकको वर्तमान अवस्था, पार्टीको भावी कार्यक्रम र कार्यदिशा, संगठन सुदृढीकरण सँगै सक्रिय सदस्यता वितरण अभियान, आन्दोलनको तयारीका बारेमा प्रशिक्षण दिनेछन् । दौडाहा टोलीमा पार्टीका महामन्त्री बर्तौला, मध्यमाञ्चल क्षेत्र समन्वय समितिका अध्यक्ष माधव खत्री, सहायक महामन्त्रीद्वय रामसुन्दर विष्ट र डम्बरप्रसाद शिवाकोटी, केन्द्रीय सदस्य पुरु दाहाल र जनबर्गीय संगठनका अध्यक्षहरु सहभागी रहने पार्टी सचिवालयले जनाएको छ ।

## प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ मकवानपुरको मनहरी गाउँपालिकाले प्राथमिक विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरेको छ । कार्यसम्पादन सम्झौताको आधारमा प्रोत्साहन रकम उपलब्ध गराइने भएको छ ।

पालिकाभित्र रहेका १८ वटा प्राथमिक विद्यालयका प्रधानाध्यापकसँग बिहीबार गाउँपालिकाले कार्यसम्पादन सम्झौता गरेको हो । कार्यसम्पादन सम्झौतासँगै सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको शैक्षिकस्तर सुधार गर्न प्राथमिक तहका विद्यालयबाटै सुधारका लागि पालिकाले प्रोत्साहन कार्यक्रम अघि बढाएको बताइएको छ ।

विद्यालयले विभिन्न १५ वटा बुँदामा स्वमूल्यांकन गरी पठाएको विवरणको आधारमा प्रोत्साहन रकम वितरण गरिने गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । 'विशेषगरी विद्यार्थीको शैक्षिक उपलब्धीलाई प्राथमिकतामा राखेर १५ वटा बुँदा तयार पारेका छौं, कालाखेतीले भने 'उहाँहरुको स्वमूल्यांकन प्रतिशतका आधारमा प्रोत्साहन रकम उपलब्ध गराउँछौं ।'

सम्झौतामा उल्लेख भएअनुसार प्रधानाध्यापकले वार्षिक शैक्षिक कार्ययोजना तथा कार्यतालिका निर्माण गर्नुपर्नेछ । साथै विद्यालय सुधार योजना निर्माण गर्नुपर्ने, प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण र सामाजिकपरीक्षण गर्नुपर्ने, सबै शिक्षकसँग शिक्षणसुधार करार गर्नुपर्ने, विद्यार्थी शिक्षक विवरण इएमआइएसमा भर्नुपर्ने, विद्यालयको समग्र नतिजा विश्लेषण गर्नुपर्ने लगायत कार्यका आधारमा कार्यसम्पादन अंक प्राप्त हुनेछ ।

त्यसैगरी प्रधानअध्यापकको उपस्थिति, शिक्षक विद्यार्थीको आचार संहिता तयार र विद्यार्थीको आन्तरिक मूल्यांकनका आधारमा पनि कार्यसम्पादन अंक प्राप्त गर्ने सामाजिक विकास समितिका संयोजक अनन्तप्रकाश अर्यालले जानकारी दिए । गाउँपालिकाले तयार पारेको कार्यसम्पादन मूल्यांकन अनुसार ० देखि ४० प्रतिशत अंक प्राप्त गर्ने विद्यालयका प्रधानाध्यापकले कुनैपनि रकम नपाउने उल्लेख गरिएको छ । यस्तै ४० देखि ६० प्रतिशत अंक प्राप्त गर्ने प्रअलाई वार्षिक २० हजार रुपैयाँ, ६० देखि ८० प्रतिशतलाई २२ हजार र ८० देखि १०० प्रतिशत कार्यसम्पादन अंक प्राप्त गर्ने प्रधानाध्यापकलाई वार्षिक २४ हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराइने शिक्षाशाखाप्रमुख प्रदीप पराजुलीले जानकारी दिए ।

गाउँपालिका अध्यक्ष कालाखेती र प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीको रोहबरमा शिक्षा शाखाप्रमुख पराजुली र सम्बन्धित विद्यालयका प्रधानाध्यापकबीच कार्यसम्पादन सम्झौता भएको हो । यसअघि पनि गाउँपालिकाले शैक्षिक सुधारका लागि भन्दै प्राथमिक तहका विद्यालयका प्रधानाध्यापकको सरुवा गरेको थियो । प्रधानाध्यापकको सरुवापछि शैक्षिक अवस्थामा खासै सुधार नदेखिएको स्थानीय अभिभावकहरुले बताएका छन् ।

## शनिबार भुटनदेवीमा बिसासय पूजा

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ स्थानीय शक्तिपीठ भुटनदेवीमाता मन्दिरमा वार्षिक बिसासय पूजा (क्षमापूजा) शनिबार हुने भएको छ । हेटौंडा-१० स्थित भुटनदेवी मन्दिरको व्यवस्थापन समितिले शनिबार क्षमापूजा तथा बलिपूजा गर्ने निर्णय गरेको हो ।

बिसासय पूजामा एक सय ८ वटा परेवा, एउटा कुखुरा, १५ वटा बोका, एउटा हाँस, एउटा राँगो, एउटा सुँगुर, एउटा पाठो गरी एक सय २८ वटा पशुबलि दिइन्छ । समस्त धर्मप्रेमी भक्तजनको सुखशान्ति र समृद्धिका लागि प्रत्येक वर्ष चैत महिनाको शनिबार विसासय (क्षमा) पूजा हुने गरेको भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिका अध्यक्ष राममान श्रेष्ठले जानकारी दिए ।

हिन्दू धर्मावलम्बीको आस्थाकी देवी भुटनदेवी मातासहित देवी र गणदेवतालाई एकसय २८ वटा पशुको बलि दिइने गरेको उनले बताए । राणाकालमा चिसापानीगढीस्थित बडाहाकिमको कार्यालयले बिसासय पूजाको व्यवस्थापन गर्ने गरेको थियो । पञ्चायती व्यवस्थामा अञ्चलाधीश कार्यालयले बिसासय पूजाको लागि बजेट प्रबन्ध गर्ने गरेको स्थानीय जानकारहरु बताउँछन् । २०४६ सालको राजनीतिक परिबर्तनपछि केही समय बिसासय पूजा हुन छोडेको थियो । तर, २०५४ सालदेखि जिल्ला प्रशासन कार्यालयको संयोजनमा बिसासय पूजालाई निरन्तरता दिइएको थियो ।

भुटनदेवी मन्दिरमा गरिने क्षमापूजाले मकवानपुरमा मात्र नभई विश्वलाई नै शान्तिको सन्देश दिने मन्दिरका पण्डित पुरुषोत्तम धितालले जानकारी दिए । वर्षौंदेखि चल्दै आएको क्षमापूजामा हिन्दू र बौद्ध धर्मावलम्बी दुबैले पूजा गर्ने गरेका छन् । मन्दिर व्यवस्थापन समितिले क्षमापूजाका लागि करिब ६ लाख रुपैयाँ खर्च हुने अनुमान गरेको बताइएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# राक्सिराङका विद्यार्थीलाई खाद्यान्न

राक्सिराङ गाउँपालिकामा एसईई परीक्षा दिने विद्यार्थीलाई गाउँपालिकाले खाद्यान्न उपलब्ध गराएको छ । एसईई परीक्षामा सहभागी हुन डेरा गरी बस्ने विद्यार्थीलाई राक्सिराङ गाउँपालिकाले खाद्यान्न सहयोग गरेको हो । प्रतिविद्यार्थी १२ केजी चामल, एक लिटर तेल, दाल र नुन गरी गाउँपालिकाले बुधबार २ सय ३ जना विद्यार्थीलाई खाद्यान्न सामग्री वितरण गरेको छ । राक्सिराङको धिराङ, गर्लिङ, सिलिङ्गे, खैराङलगायत विकट गाउँबाट एसईई दिनको लागि गाउँपालिका केन्द्र चैनपुर र ३ नम्बर वडास्थित सरिखेत झरेका विद्यार्थीले आर्थिक अभावका कारण खाद्यान्न सामग्रीसमेत जुटाउन नसक्ने अवस्था रहेका कारण गाउँपालिकाले एसईई परीक्षा अवधिभरका लागि खाद्यान्न उपलब्ध गराएको हो । गाउँमा अहिले धेरै परिवारमा अनिकाल सुरु भइसकेको छ । यस्तो अवस्थामा आफ्ना छोराछोरीलाई कोठामा राखेर, खानेकुरा जुटाएर जाँच दिन पठाउनसक्ने अवस्थामा धेरै अभिभावक छैनन्, खानेकुराकै समस्याका कारण एसईई परीक्षामा सहभागी नहोलान् भन्ने चिन्ताले गाउँपालिकाले खानेकुरा जुटाइदिएको बताइएको छ । गाउँपालिका केन्द्र चैनपुरमा बुधबार विद्यार्थीलाई उपस्थित गराई खाद्यान्न सामग्री हस्तान्तरण गरिएको हो ।

एसईई परीक्षा दिन उनीहरु घन्टौं हिँडेर चैनपुरस्थित प्रजा विकास मावि आइपुगेका छन् । नजिकको विद्यालयबाट एसईई परीक्षा दिन आउने परीक्षार्थीलाई गाउँपालिकाले खाद्यान्न उपलब्ध गराएको छैन । राक्सिराङ परीक्षा केन्द्रमा २ सय ८१ जना परीक्षार्थी छन् । तीमध्ये २ सय ३ जनालाई मात्र गाउँपालिकाले खाद्यान्न उपलब्ध गराएको हो । राक्सिराङ गाउँपालिकाका विद्यार्थीले चालु वर्षदेखि आफ्नै गाउँपालिबाट एसईई परीक्षा दिँदैछन् । यसवर्षदेखि राक्सिराङ ५ स्थित प्रजा जागृति मावि र राक्सिराङ-३ स्थित सूर्योदय माविलाई एसईई परीक्षा केन्द्र बनाइएको छ । बिगतका वर्षमा राक्सिराङका विद्यार्थीको परीक्षा केन्द्र मनहरी गाउँपालिकास्थित रोटरी मावि र महेन्द्र मावि रहेको थियो । राक्सिराङका ५ वटा माध्यमिक विद्यालयबाट यसवर्ष २ सय ८१ जना विद्यार्थीले एसईई परीक्षामा भाग लिँदैछन् । परीक्षा केन्द्र नजिक घर भएकाबाहेक अन्यत्रबाट आएका विद्यार्थीलाई खाद्यान्न सहयोग गरिएको गाउँपालिले बताएको छ । बिहिबारबाट सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ । मकवानपुरका १ सय ३८ वटा विद्यालयका पाँच हजार नौं सय ७८ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । शान्तिपूर्ण वातावरणमा परीक्षा सञ्चालन भएको शिक्षा विकास तथा समन्वय इकाई मकवाानपुरले जनाएको छ ।

परीक्षा फारम भरेकामध्ये एक सय १७ जना विद्यार्थी परीक्षामा अनुपस्थित रहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ । नेपालका ४१ जिल्लामा कक्षा १ मा भर्ना भएकामध्ये ५० प्रतिशत विद्यार्थी पनि १० कक्षाको अन्तिम परीक्षासम्म पुगेका छैनन् । १० वर्षअघि २०७० मा कक्षा १ मा भर्ना भएका विद्यार्थीले सरकारी तथ्यांकअनुसार १० वर्ष अघि २०७० मा कक्षा १ मा देशभरका विद्यालयमा ९ लाख ४८ हजार दुई सय ९४ जना विद्यार्थी भर्ना भएका थिए । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय सानोठिमीका अनुसार पाँच लाख चार हजार चार सय १४ विद्यार्थीले रजिष्ट्रेशन फारम भरेका थिए । अझ परीक्षा आवेदन फारम भर्ने चार लाख ७५ हजार एक सय ३४ मात्रै छन् । कक्षा १ मा भर्ना भएका विद्यार्थी संख्याको ५३.१९ प्रतिशत परीक्षा दिन योग्य छन् । परीक्षा आवेदन फारम भर्नेको संख्या भने ४ लाख ७५ हजार एक सय ३४ विद्यार्थी मात्रै छन् । यसलाई आधार मान्ने हो भने भर्ना भएकामध्ये ५० प्रतिशतमात्रै १० कक्षाको अन्तिम परीक्षा दिँदैछन् । यो बीचमा देखिएको खाडल पूरा गर्न ठूलो चुनौती देखिएको छ ।

# हुँदा खानेहरुको गन्तव्य खाडी मुलुक



✍ दुनबहादुर बुढाथोकी

मलेसिया, कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन, ओमान, जोर्डन, टर्की, इरान, इराकलगायतका १६ मुलुकहरुलाई खाडी तथा मध्यपूर्वी मुलुकको संज्ञा दिने गरिएको छ । करिव ३ अर्ब ७१ करोड जनसंख्या रहेको यस क्षेत्र-समूहले विश्व जनसंख्याको ४५ प्रतिशत हिस्सा ओगट्ने गरेको छ ।

बहराइन, कुवेत, ओमान, कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स गरी ७ वटा मुलुकहरु खाडी सहकार्य परिषद् (गल्फ को-अपरेसन काउन्सिल) मा आबद्ध छन् । सन् १९८१ मा स्थापित उक्त परिषद्मा आबद्ध सदस्य मुलुकहरुको सन् २०२१ मा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ३.६५ ट्रिलियन अमेरिकी डलर र प्रतिव्यक्ति आय ७१ हजार २ सय अमेरिकी डलर रहेको हो ।

सन् २०२३ मा कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन, ओमान, जोर्डन र टर्की गरी ९ वटा मध्यपूर्वी मुलुकहरुको कुल गार्हस्थ्य उत्पादन ८.७६ ट्रिलियन डलर रहेको छ । जुन विश्व कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत हिस्सा हो । पछिल्लो दश वर्षमा यी ९ मुलुकहरुको विश्व आर्थिक वृद्धिमा औसत ५.२ प्रतिशतको योगदान रहेको हो ।

अनेक द्वन्द्वका बाबजुद पेट्रोलियम पदार्थलगायत खनिज पदार्थ उपलब्धताको कारण सबैजसो खाडी मुलुकहरु आर्थिकरुपमा समृद्ध छन् । सन् २०२३ मा मध्यपूर्वी मुलुकहरुको औसत प्रतिव्यक्ति आय २७ हजार ५ सय २० अमेरिकी डलर र औसत आर्थिक वृद्धिदर ३.२ प्रतिशत रहनुले उक्त कुरा पुष्टि गर्दछ ।

श्रमका लागि विदेशिएका नेपालीमध्ये मलेसिया, कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराईन, ओमानलगायत खाडी तथा मध्यपूर्वी मुलुकहरु पुग्नेको हिस्सा ९५ प्रतिशत रहेको छ । जहाँ, २०७८ फागुनसम्ममा मलेसियामा १२ लाख ७८ हजार, कतारमा १२ लाख ५८ हजार, साउदी अरबमा १० लाख ४८ हजार, संयुक्त अरब इमिरेट्समा ६ लाख ७५ हजार, कुवेतमा १ लाख ५७ हजार, बहराइनमा ६३ हजार १ सय, ओमानमा ४० हजार ९ सय नेपाली युवा कामका लागि पुगेका हुन् ।

यसमा मलेसियाको हिस्सा २७.६ प्रतिशत, कतारको हिस्सा २६.७ प्रतिशत, साउदी अरबको हिस्सा २०.८ प्रतिशत, संयुक्त अरब इमिरेट्सको हिस्सा १४ प्रतिशत, कुवेतको हिस्सा ३.३ प्रतिशत, बहराइनको हिस्सा १.३ प्रतिशत र ओमानको हिस्सा ०.८ प्रतिशत रहेको छ ।

कार्य प्रकृतिका दृष्टिकोणबाट खाडी मुलुकहरुमा मूलत: अदक्ष तथा अर्धदक्ष श्रमिक पुग्ने गरेका छन् । यी मुलुकहरुमा नेपालको ग्रामीण तथा दूरदराजबाट कोरा श्रमशक्ति पुग्ने गरेका हुन् । उक्त जनशक्तिमध्ये अधिकांश घरेलु मजदुर, कृषि मजदुर, कलकारखाना मजदुर, निर्माण मजदुर, सुरक्षा मजदुर, सरसफाइ मजदुर जस्ता थ्री 'डी' अर्थात् डर्टी, डेन्जर र डिफिकल्ट मानिने कार्यमा संलग्न छन् ।

खाडी मुलुकहरुमा नेपाली श्रमिकले मासिक ४० हजारदेखि ७० हजार हाराहारीमा पारिश्रमिक प्राप्त गर्ने गरेकोमा प्रतिकामकार औसत मासिक ४३ हजार ३ सय रुपियाँ (औसत वार्षिक ५ लाख ३२ हजार) भित्रिने गरेको छ । सरकारले नेपालीलाई मलेसियालगायत खाडी मुलुकहरुमा घरेलु कामदारको रुपमा कामका लागि प्रस्थान गर्न प्रतिबन्ध लगाए पनि लुकिछिपी भारतीय बाटो हुँदै खाडी मुलुकहरुमा घरेलु कामका लागि पुग्ने क्रम भने रोकिएको छैन । यसरी लुकिछिपी घरेलु कामका लागि खाडी मुलुकहरुमा पुगेका नेपाली कामदारले अनपेक्षित समस्याहरु झेल्नु मात्र परेको छैन, समस्यामा पर्दा वा ज्यान गुम्दा राज्यबाट उपलब्ध गराइने सहयोग तथा सुविधाबाट समेत वञ्चित हुनुपरेको छ ।

हालसालै मलेसियन फरेन वर्कर वेलफेयर म्यानेजमेन्ट सेन्टरले श्रमिक कल्याणकारी लाभको हवाला दिँदै १ जनवरी २०२४ देखि लागू हुने गरी प्रतिकामदार थप ४५ डलर अतिरिक्त आर्थिक भार थोपरेको छ । भलै, नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को प्रावधान अनुरुप नेपाली श्रमिकले मलेसियामा प्राप्त गर्नुपर्ने न्यूनतम मासिक पारिश्रमिक निर्धारणसमेत गरेको छ । कतारको श्रम कानुनमा कामदार भर्ना गर्दा रोजगारदाताले नै सम्पूर्ण खर्च बेहोर्नुपर्ने प्रवधान भए तापनि कर्यान्वयन भएको छैन । बरु, कतारको जनशक्ति भर्ना गर्ने कम्पनीहरुले कामदार भर्ना गर्दा प्रतिकामदार ३ हजार रियाल सेवा शुल्क लिने गरेका छन् । दक्षिण कोरिया र इजरायलको तुलनामा राम्रो आर्थिक हैसियत भएको कतार सरकारले नेपाली कामदारलाई ती देशले भन्दा आधा कम पारिश्रमिकमै काम गराइरहेको हो । अर्थात् कतारको आर्थिक हैसियतको तुलनामा नेपाली कामदारहरुले न्यायसंगत पारिश्रमिक प्राप्त गर्न सकेका छैनन् ।

भलै, २०६९ माघ ८ गते कतारमा काम गर्ने श्रमिकमध्ये प्रतिमहिना अदक्ष कामदाका लागि ९ सय रियाल, अर्धदक्ष कामदारका लागि १ हजार रियाल र दक्ष कामदारका लागि १ हजार ५ सय रियाल निर्धारण भएको छ । जसमा खाना नि:शुल्क वा खाना भत्ताबापत ३ सय रियाल अतिरिक्त पाउने व्यवस्था छ । त्यस्तै औषधि उपचार खर्च, दुर्घटना बिमा, आते-जाते यातायात खर्च रोजगारदाताले बेहोर्ने प्रावधान छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी सरकारले यस्तो निर्धारण गरेको हो । त्यस्तै, द्विपक्षीय श्रम सम्झौता/समझदारी गरेर मात्र घरेलु कामदारको रुपमा वैदेशिक रोजगारमा पठाउन सकिने निर्णय २०७३ चैत्र ३ मा मन्त्रिपरिषद्को बैठकले गरेको हो । विश्व श्रम संगठनअनुसार वैदेशिक रोजागारमा जाने श्रमिकको सम्पूर्ण खर्च रोजागारदाता कम्पनीले बेहोर्नुपर्ने प्रावधान रहेको छ । तर, सरकारले मलेसिया तथा खाडीका विभिन्न ६ मुलुकमा फ्री भिसा फ्री टिकटमा श्रमिकहरू पठाउनुपर्ने प्रावधान आजभन्दा ८ वर्षअघि अर्थात् २०७२ मा तत्कालीन सरकारले गरेको भए तापनि अझैसम्म नाममात्रको कार्यान्वयनमा आएको छ । आ.व. २०७९ ।८० मा ७ लाख ७४ हजारमध्ये २५ हजार श्रमिकलाई मात्र रोजगारदाताले फ्री भिसा फ्री टिकट उपलब्ध गराउनु त्यसैको प्रमाण हो । हालसालै, ३ लाख २५ हजार रुपियाँ नेसनल ओभरसिजलाई भुक्तान गरी कतार पुगेकी पाँचथरकी श्रमिक सीता लावती तीमध्येकी एक प्रतिनिधि पात्र हुन् ।

फ्री भिसा फ्री टिकट कार्यान्वनयमा आउन नसक्दा अधिकांश श्रमिक अति चर्को सेवा शुल्क भुक्तान गरी वैदेशिक रोजगारमा जान विवश भएका हुन् । उक्त प्रावधान लागू गर्न पहल गर्नुको अलावा सरकारी अधिकारीहरू नै फ्री भिसा फ्री टिकट कार्यान्वयन गर्न नसकिने बताउँदै आएका छन् । त्यस्तै, वैदेशिक रोजगार व्यवसायी संघले मलेसियालगायत खाडीका विभिन्न मुलुकमा श्रमिकहरू पठाउँदा प्रतिव्यक्ति न्यूनतम १ लाख ३२ हजार रूपियाँ खर्च लाग्ने बताउँदै फ्री भिसा फ्री टिकट सम्भव नभएको जिकिर गर्दै आएको हो । यहाँसम्म कि वैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगारीमा श्रमिकलाई पठाएबापत मागपत्रमा उल्लेख गरिएको न्यूनतम एक महिना तलब बराबरको रकम सेवा शुल्कबापत लिन पाउने व्यवस्थाका लागि सरकारसँग माग तेर्स्याइरहेका छन् ।

वैदेशिक रोजगारीमा कामदार पठाउनका लागि लाग्ने लागत शुल्क निर्धारण गर्न सकिने कानुनी प्रावधान रहेको भए तापनि खाडी मुलुकहरुमा श्रमिकका लागि लाग्ने अधिकतम लागत निर्धारण नगरिएकाले रोजगार व्यवसायीहरुले मनोमानीरुपमा सेवा शुल्क असुल गरिरहेका छन् । यसर्थ, श्रमिकबाट मनोमानीरुपमा सेवा शुल्क असुली रोक्न खाडी मुलुकहरुमा वैदेशिक रोजगार व्यवसायीले कामदार पठाएबापत लिन पाउने सेवा शुल्कलगायतका अन्य रकम पारदर्शी तुल्याउनुपर्दछ ।

सरकारले खाडी तथा मलेसियामा घरेलु कामदार प्रतिबन्ध लगाएको कारण सीप तथा अभिमुखीकरण तालिम नलिई वा लुकिछिपी भारतीय पथ हुँदै तेस्रो मुलुकमा नेपाली श्रमिक प्रस्थान गर्ने गरेकाले गन्तव्य मुलुकसँग द्विपक्षीय सम्झौता गरी खुलारुपमा प्रस्थान गर्न सक्ने प्रबन्ध मिलाउनुपर्दछ । खाडी मुलुकमा श्रमिकले पाउनुपर्ने न्यूनतम पारिश्रमिक निर्धारण गर्न नसक्दा रोजगारदातद्वारा सक्दो न्यून पारिश्रमिक तथा सेवा-सुविधा उपलब्ध गराउने गरेका हुन् । मलेसिया र कतारबाहेक अन्य खाडी मुलुकहरुमा न्यूनतम पारिश्रमिक निर्धारण नभएकाले बाँकी मुलुकहरुसँग समन्वय गरी न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्दछ । निर्धारित न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी गर्ने मुलुक वा कम्पनीलाई वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १३ (ख) बमोजिम कालो सूचीमा राखी श्रमिक पठाउन रोक लगाउनुपर्दछ ।

वास्तविकरुपमा विप्रेषण भित्र्याउने, निश्चित उमेरपश्चात् स्वदेशमा फर्कने र आर्जित सीप, ज्ञान, अनुभव अनि विप्रेषण स्वदेशमा उपयोग गर्ने भनेको खाडीमा पुगेका युवा तप्काले नै हो । उक्त तप्का वैदेशिक रोजगार इजाजत प्राप्त संस्था र रोजगारदाताबाट सबैभन्दा बढी शोषण तथा उत्पीडनमा पर्नु दु:खद कुरा हो । यसर्थ, उक्त तप्काको स्वास्थ्य सुरक्षा, मानवीय हकको रक्षा, श्रम हकको सुरक्षाको प्रत्याभूति गरिनुपर्दछ । उक्त जिम्मेवारी नेपाल सरकारको हो । यसका निमित्त श्रम स्वीकृति दिइएका खाडी मुलुकहरुमा द्विपक्षीय श्रम सम्झौता गर्नु, राजदूतावास स्थापना गर्नु, श्रम सहचारीको प्रबन्ध गर्नु र न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्दछ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बाफिया संशोधनले बैंकर र व्यवसायी छुट्ट्याउला ?

✍ नरबहादुर थापा

'बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन' (बाफिया) वित्तीय क्षेत्रसँग सम्बन्धित ऐन भएकाले यसले वित्तीय क्षेत्रलाई दिशानिर्देश गर्ने किसिमको हुनुपर्छ । ऐनले अहिले छ भन्ने भन्दा पनि भविष्य के हुन्छ भन्ने कुराले अर्थ राख्छ । ऐन, नीति वर्तमानका लागिभन्दा पनि भविष्यको हाम्रो लक्ष्य उद्देश्यमा आधारित हुन्छन् । मध्यकालीन र दीर्घकालीन उद्देश्यका लागि ऐन र नीति तर्जुमा गरिन्छ । सरकारले संसदमा पेस गरेको बाफिया संशोधन प्रस्तावमा तीन पक्ष छन् । पहिलो, यसले बैंकर र व्यवसायी छुट्ट्याउन महत्व दिएको छ । बाफियाको महत्वपूर्ण परिवर्तनको प्रस्ताव बैंकर र व्यवसायी छुट्ट्याउन हो । बैंकिङ क्षेत्रमा भविष्यमा हुने प्रडक्ट र संस्थालाई आत्मसाथ गरिएको छ । डिजिटल मुद्रा र डिजिटल बैंकको अवधारणालाई बाफिया संशोधन प्रस्तावले आत्मसाथ गरेको छ ।

बाफिया संशोधन प्रस्तावको तेस्रो पक्षले बैंक तथा वित्तीय संस्थाको मालिक र व्यवस्थापनलाई छुट्ट्याएको छ । राष्ट्र बैंकले व्यावहारिक रूपमा मालिक र व्यवस्थापन छुट्ट्याएको भए पनि ऐनमा कार्यकारी अध्यक्ष हुन सक्ने व्यवस्थाले गर्दा मालिक र व्यवस्थापन छुट्ट्याउन सकेको थिएन । २१औं शताब्दीको अर्थतन्त्रमा मालिक र व्यवस्थापन फरक हुनुपर्छ । मालिक आफैं व्यवस्थापक हुन सक्दैन भनेर मालिक र व्यवस्थापक छुट्ट्याउने प्रस्ताव कानुनमा नै गर्न खोजिएको छ । बाफिया संशोधन प्रस्तावले बैंकर र व्यवसायी छुट्ट्याउन नभई बैंकका लगानीकर्ता र व्यवस्थापक पनि छुट्ट्याउन खोजेको छ । बैंकर र व्यवसायी छुट्ट्याउने, भविष्यमा आउन सक्ने प्रडक्ट र संस्थालाई आत्मसाथ गरेको तथा बैंकमा मालिक र व्यवस्थापक छुट्ट्याउने तीन महत्त्वपूर्ण विषयलाई फरक-फरक विश्लेषण गर्न सकिन्छ ।

**बैंकर र व्यवसायी छुट्ट्याउने प्रस्ताव र प्रभाव**

बैंकर र व्यवसायी छुट्ट्याउने गरी बाफिया संशोधन प्रस्ताव आएको छ । यसको सकारात्मक र नकारात्मक दुवै प्रभाव हुन्छ । पहिलो सकारात्मक प्रभावको चर्चा गरौं । उद्यमी वा व्यवसाय दुई किसिमका छन् । एउटा वित्तीय क्षेत्रको व्यवसाय र अर्को वास्तविक क्षेत्र वा गैरबैंकिङ व्यवसाय भनेर दुई भागमा बाँड्न सकिन्छ । बाफिया संशोधन प्रस्तावले वित्तीय क्षेत्रका व्यवसायीले गैरवित्तीय व्यवसाय गर्दा कर्जा नपाउने व्यवस्था गर्न खोजेको छ । यसले वित्तीय र गैरवित्तीय व्यवसायलाई छुट्ट्याउन खोजेको छ । यो वित्तीय क्षेत्रको सुरक्षाका लागि गर्न खोजेको हो । यसबाट २/३ वटा लाभ हुने देखिन्छ ।

पहिलो लाभ नीति निर्माताको छलफलमा आउँदा बैंकको मालिक भएर आउने गरेका थिए अथवा बैंकबाट ऋण लिएका व्यवसायीका रूपमा आउँथे भन्ने प्रश्न थियो । नीतिगत छलफल क्रममा निजी क्षेत्रबाट आउने सुझावमा अलमल हुने गरेको देखिन्छ । बैंकर र व्यवसायी छुट्ट्याउँदा नीति क्षेत्रबाट पनि नीतिगत रूपमा स्पष्ट सुझाव आउँछ । व्यवसायीबाट आउने सुझाव यथार्थपरक हुने र निजी क्षेत्रको हितका लागि आउँछ । बैंकरबाट आउन सुझाव बैंकको हितका लागि आउँछ । यसले सुझावमा स्पष्टता आउँछ । सरकार र निजी क्षेत्रबीच हुने छलफलमा वित्तीय क्षेत्र व्यवस्थापन र निजी क्षेत्रलाई कसरी विकास गर्ने भन्ने मुद्दामा स्पष्टता आउँछ ।

दोस्रो फाइदा वित्तीय क्षेत्रमा देखिएको वित्तीय स्वार्थको द्वन्द्व हटाउँछ । व्यवसाय पनि सञ्चालन गरिरहेको छ र बैंकको मालिक पनि छ । यसले आफ्नो व्यवसाय प्रवर्द्धनका लागि वित्तीय क्षेत्रलाई दाउमा राख्न सक्ने जोखिम र हन्छ । बाफिया संशोधन प्रस्ताव पारित भए उक्त स्वार्थको द्वन्द्व हटेर जान्छ र स्वार्थको द्वन्द्व सम्बोधन गर्न खाजेको छ । जुन राम्रो पक्ष हो ।

तेस्रो फाइदा, उद्यमशीलता विकासमा नयाँ-नयाँ उद्यमी जन्माउन मद्दत गर्छ । बैंक तथा वित्तीय संस्था सीमित व्यवसायीको पकडमा थियो । नयाँ व्यवसायीका लागि अवसर नै पाउन मुश्किल थियो । बैंकर र व्यवसायी छुट्ट्याउँदा कतिपयले बैंक नै चलाएर बस्छु भन्न सक्छ । उनीहरूले अर्को बैंकबाट कर्जा पाउँदैन ।

त्यस्तो वित्तीय स्रोत नयाँ उद्यमीले पाउँछ । यसले नयाँ उद्यमीको विकासमा मद्दत गर्छ । स्टार्टअप (नवप्रवर्तन) जस्ता नयाँ सोच भएकाहरूले बैंकबाट कर्जा पाउन सहयोग पुग्छ । यसले केही सीमित व्यक्तिको हातमा रहेको वित्तीय क्षेत्र अलग गराउन मद्दत पुग्छ । व्यवसायको 'स्पेसलाइजेसन' समेत गराउने देखिन्छ । त्यही ऋणी र बैंकर छ भने त्यसको स्पेसलाइजेसन हुँदैन । वित्तीय क्षेत्रको विकासमा के गर्ने र व्यवसायको विकासमा के गर्ने भनेर एउटै व्यक्ति बैंकर र व्यवसायी हुँदा ध्यान नदिने सक्छ ।

व्यावसायिक र डेडिकेटेड व्यक्ति चलाउन लाग्यो भने बैंकिङ क्षेत्रले नयाँ-नयाँ प्रडक्टको विकास लाभ प्राप्त गर्छ । व्यवस्थापकीय पक्ष र प्रविधि विकासमा पनि योगदान दिन सक्छ । वित्तीय क्षेत्रको विकासमा बैंक चलाउनेले अध्ययन र अनुसन्धान गरेर योगदान दिन सक्छ । निजी क्षेत्रले पनि आफ्नो व्यवसाय विकासमा काम गर्ने र निजी क्षेत्रको विकासमा मद्दत पुर्‍याउँछ । बैंकर र व्यवसायी छुट्ट्याउँदा ठूलो चुनौती पनि सामना गर्नुपर्ने देखिन्छ । अहिले अर्थतन्त्र ठूलो मन्दीमा गएको छ । यस्तो अवस्थामा बैंकर र व्यवसायी छुट्ट्याउने प्रावधान ल्याउँदा कर्जा प्रवाहमा गतिरोध उत्पन्न हुन्छ । अर्थतन्त्रमा देखिएको मन्दीले कर्जा प्रवाह हुन सकेको छैन । बैंकहरूमा लगानीयोग्य स्रोत र तरलता भए पनि केही कारण अपेक्षाकृत रूपमा कर्जा विस्तार हुन नसकेको अवस्था छ । यो समस्यालाई बैंकर र व्यवसायी छुट्ट्याउन बाफिया संशोधन प्रस्ताव पारित हुँदा झनै बढ्ने देखिन्छ ।

व्यापार व्यवसाय हुनेले सानोतिनो कर्जा लिइरहेका थिए । बैंकमा लगानी भएको व्यवसायीलाई कर्जा नदिँदा तत्कालै नयाँ उद्यमी जन्माउन सकिँदैन । रातारात नयाँ परियोजना विकास हुँदैन । कर्जा प्रवाहमा देखिएको गतिरोध झनै बल्झिने जोखिम बढेर गएको छ ।

दोस्रो चुनौती, अहिले बैंकमा रहेको व्यवसायीको यति ठूलो लगानी कसरी सिफ्ट गर्ने भन्ने देखिन्छ । पूँजी वृद्धि र मर्जरपछि अहिले ३०/३५ अर्ब चुक्ता पूँजी भइसकेका छ । कुनै लगानीकर्ताले व्यवसाय गर्छु र बैंक छाड्छु भन्दा यति ठूलो बैंकहरूको 'अनरसिप' अफलोड गर्ने ? अहिले ठूला भएका बैंकहरूको सेयर कसले किन्छ ? अर्थतन्त्र मन्दी भएको समयमा सेयर बिक्री गर्ने नयाँ संस्थापक खोज्नु चुनौतीपूर्ण देखिन्छ ।

अर्को चुनौती, कुनै व्यवसायले बैंक नै चलाउँछु भन्छ र उसले अरू व्यवसाय पनि चलाइरहेको छ भने त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने चुनौती छ । उसले व्यवसाय बन्द गर्न लाग्यो भने बैंकहरूको निष्क्रिय कर्जा बढ्न सक्छ । बैंकबाट ऋण लिएर व्यवसाय सञ्चालन भयो भने कर्जा असुली हुन्छ । बाफिया संशोधन प्रस्ताव पारित भए राष्ट्र बैंकलाई डिजिटल करेन्सीको काम गर्न मार्गप्रशस्त गर्छ ।

बैंकरले बैंकबाट व्यवसाय गर्ने कर्जा नपाउने र उसले व्यवसाय छाड्छु भन्छ भने लगानी भएको कर्जा कसरी असुली हुन्छ ? यो अर्को चुनौती देखिन्छ । यसले निष्क्रिय कर्जा झनै बढ्न सक्ने जोखिम देखिन्छ । अहिलेको मन्दीको अवस्था हेर्दा आर्थिक गतिविधि झनै सुस्त हुने र कर्जा प्रवाह झनै ठप्प हुने जोखिम देखिएको छ । यति ठूलो परिणाममा रहेको चुक्ता पूँजी अफलोड गर्दा बजारमा ठूलो समस्या आउने र त्यो चुनौतीपूर्ण हुने देखिन्छ । व्यवसायबाट हात झिक्ने र बैंक चलाएर बस्ने निर्णय कुनै व्यवसायीले लियो भने त्यो व्यवसायमा दिएको कर्जा असुलीमा समस्या हुन्छ । यसले निष्क्रिय कर्जा बढेर वित्तीय क्षेत्रको स्थायित्व जोखिममा पर्न सक्छ ।

**डिजिटल बैंक र करेन्सी आत्मसाथ गरेर दिन खोजेको सन्देश**

ढिलोचाँडो 'डिजिटल करेन्सी' नेपालमा आउँछ । यसले वित्तीय क्षेत्र र फिनटेकमा ठूलो क्रान्ति हुँदैछ । यसको सुरुवाती बिन्दु भनेको डिजिटल करेन्सी हो । जसलाई केन्द्रीय बैंकले जारी गर्छ । भारत यसमा धेरै अगाडि बढिसकेको छ भने कतिपय मुलुकले डिजिटल करेन्सी सुरु गरिसकेका छन् । यसलाई आत्मसाथ गरेर ऐनमा आएपछि केन्द्रीय बैंकलाई यसमा काम गर्न दबाब पर्छ । केन्द्रीय बैंकको डिजिटल करेन्सी आयो भने कानुनी व्यवस्थाले त्यससम्बन्धी कार्य अगाडि बढाउन सहज हुन्छ । ऐनमा व्यवस्था भएपछि मान्यता पायो भने दिशानिर्देश पनि गर्छ । अहिले राष्ट्र बैंकले डिजिटल करेन्सीको अध्ययन गरीरहेको भए पनि कानुनी मान्यता पाएको थिएन । बाफिया संशोधन प्रस्ताव पारित भए राष्ट्र बैंकलाई डिजिटल करेन्सीको काम गर्न मार्गप्रशस्त गर्छ । यो सकारात्मक कुरा हो ।

अबको भविष्य डिजिटल करेन्सी नै हो भने ऐनमा नै दिशा स्पष्ट गर्न खोजेको छ । डिजिटल बैंकको कुरा पनि गरेको छ । अहिले करेन्सीमा आधारित परम्परागत बैंक नै छन् । क्लियरिङ हाउस, आरटीजीएस, चेक, मोबाइल वालेट भनेर बैंकिङ गरिरहेका छौं । यसको वैकल्पिक व्यवस्थाका रूपमा डिजिटल बैंकको अवधारणामा रहेर ऐन संशोधन प्रस्ताव भएको छ । निक्षेप लिने, कर्जा दिने, रकम ट्रान्सफर गर्ने काम समेत गर्ने गरी बैंकहरूले गर्ने काम डिजिटल बैंकले गर्ने भनिएको छ । नागरिकलाई नयाँ प्रविधिमा आधारित बैंकिङको रोजाइ नै हुनेछ । फिनटेक बैंकलाई ऐनले नै आत्मसाथ गर्दा 'इनोभेटिभ' हुन र विश्वमा भएको बैंकिङ अभ्यास ल्याउन मद्दत पुग्छ ।

**बैंकमा मालिक र व्यवस्थापन छुट्ट्याउने स्पष्ट कानुनी व्यवस्था**

आधुनिक व्यवस्थापनको महत्त्वपूर्ण पक्ष भनेको लगानीकर्ताले नभई व्यवस्थापनले काम गर्ने भन्ने हो । सेयरधनी संस्थापक र साधारण गरेर दुई प्रकारका हुन्छन् । संस्थापक सेयरधनीले बैंकलाई आफ्नो नियन्त्रणमा राख्ने अभ्यास थियो । कार्यकारी अध्यक्ष संस्थापक सेयर धनीबाट नै हुने हो । व्यावहारिक रूपमा कार्यकारी अध्यक्षमा रोक लगाए पनि कानुनी छिद्र बाँकी थियो । त्यसलाई हटाएर अन्तर्राष्ट्रिय असल अभ्यासमा लैजाने प्रस्ताव आएको छ । मालिक र व्यवस्थापक छुट्ट्याउने गरी कानुनी व्यवस्था गर्न खोजिएको छ । यो सकारात्मक छ । अभ्यासमा गइसकेको हुनाले मालिक र व्यवस्थापक छुट्ट्याउन कुरामा ठूलो चुनौती देखिँदैन ।

बाफिया संशोधन प्रस्तावले गर्न खोजेको बैंकर र व्यवसायी छुट्ट्याउने विषयमा केही चुनौती छन् । नेपाली अर्थतन्त्रलाई आधुनिकीकरण गर्ने महत्त्वपूर्ण कडी बनाउन सकिन्छ । यसले वित्तीय क्षेत्रमा ठूलो रूपान्तरण ल्याउँछ । त्यससँगै अर्थतन्त्रमा पनि रूपान्तरण ल्याउँछ । तर, अल्पकालमा केही चुनौती छन् ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १७ गते शनिबार ३० मार्च २०२४ । पञ्चमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५८, सूर्यास्त ६:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काम बन्नाले उत्साह जाग्नेछ | **तुला** | : भाग्योदयको समय रहनेछ |
| **वृष** | : दोहोरो लाभ मिल्नेछ | **वृश्चिक** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **मिथुन** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **धनु** | : काममा उत्साह बढ्नेछ |
| **कर्कट** | : पारिवारिक समस्या आउनसक्छ | **मकर** | : प्रेमको बन्धन कसिनेछ |
| **सिंह** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | **कुम्भ** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| **कन्या** | : अधुरा योजना पूरा हुने देखिन्छ | **मीन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |

# एमडीएमएसमा प्राधिकरणका २ अध्यक्ष र वरिष्ठ कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा




काठमाडौं/भन्सार छलेर नेपालमा ल्याइने मोवाइल सेटहरुलाई निष्क्रिय बनाउने उपकरण खरिदमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल दूरसञ्चार प्राधिकरणका दुई पूर्वअध्यक्ष सहित २० जना विरुद्ध भ्रष्टाचार मुद्दा लगाएको छ ।

आयोगले मोवाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) प्रणाली स्थापनाका नाममा भ्रष्टाचार गरेको भन्दै प्राधिकरणका पूर्वअध्यक्ष दिगम्बर झा, पुरुषोत्तम खनाल, तत्कालीन वरिष्ठ निर्देशक आनन्दराज खनालविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

त्यस्तै तत्कालीन निर्देशक मीनप्रसाद अर्याल, सहायक निर्देशक विनोदचन्द्र श्रेष्ठ, निर्देशक दिपेश आचार्य, उपनिर्देशक सुरेन्द्रलाल हाडा, उपनिर्देशक रेवतीराम पन्थ, उपनिर्देशकहरु सन्दीप अधिकारी, सूर्यप्रसाद लामिछाने, अच्यूतानन्द मिश्र, सहायक निर्देशक विजयकुमार राय यादव, सहायक निर्देशक प्रतीक्षा पौडेल र निराजन कोइरालाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

उनीहरुसँग अख्तियारले एमडीएमएस प्रणाली खरिद गर्दा ठेक्का सम्झौता भएको रकम बराबर ९१ करोड ९८ लाख ३० हजार ८८२ रुपैयाँ बिगो मागदाबी गरेको छ । साथै एमडीएमएस प्रणाली स्थापनाका नाममा हालसम्म खर्च भएको २३ करोड २० लाख रुपैयाँ जरिवाना असुल गर्न पनि अख्तियारले माग गरेको छ । बिगो र जरिवाना अमेरिकी डलरको हालको विनिमय दरका आधारमा राखिएकाले फैसला हुने मितिसम्म विनिमयदर फेरबदल भएमा त्यसबेला फेरि थपघट हुन सक्नेछ ।

अख्तियारले प्राधिकरणका पूर्वअध्यक्षहरु दिगम्बर झा र पुरुषोत्तम खनाललाई विशिष्ट पदमा पुगेर भ्रष्टाचारमा संलग्न भएको आरोप लगाउँदै थप सजायको मागदाबी समेत गरेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालिन अध्यक्ष दिगम्बर झाको पालामा सुरु भएको एमडीएमएस प्रणाली खरिद प्रक्रिया उनीपछिका अध्यक्ष पुरुषोत्तम खनालको पालामा अघि बढेको थियो । सरकारले आर्थिक वर्ष २०७१/०७२ को बजेट बक्तव्यमा मोवाइल सेटको गैरकानुनी आयात रोक्ने घोषणा गरेको थियो । तर २०७४ सालमा मोवाइल डिभाइस म्यानेज्मेन्ट सिस्टम खरिदको योजना अघि बढेको थियो । २०७४ माघमा लागत अनुमान स्वीकृत भएको थियो । त्यसपछि २०७५ असोजमा ठेक्का स्वीकृत भएको थियो । छ महिनाभित्र सम्पन्न गर्ने भनेको काम अहिलेसम्म पनि सम्पन्न भएको छैन ।

उपकरण आयात र प्रणाली जडान नहुँदै प्राधिकरणका अधिकारीहरु भने मोवाइल डिभाइस म्यानेजमेन्ट सिस्टम लागू गराउन नीतिगत पहल गरिरहेका थिए । आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा पनि १ साउन, २०७८ देखि एमडीएमएस लागू गर्ने घोषणा थियो । सरकारले पटकपटक कार्यान्वयनको घोषणा गर्ने र कार्यान्वयनको मिति सार्ने काम भइरहेको छ । ३० भदौ, २०७९ देखि यो प्रणालीको आंशिक कार्यान्वयन सुरु भएको भनिएको छ । १ जेठ, २०८० मा भने पूर्ण रुपमा लागू गर्ने घोषणा गरिएको थियो ।

अख्तियारले एमडीएमएस उपकरण खरिदमा संलग्न कम्पनीहरु मलेसियाको न्यूमेरा कम्पनी, नमस्ते ग्लोबल सिंगापुर, ओएसआई डिजिटल इण्डिया विरुद्ध पनि मुद्दा दायर गरेको छ । उसले न्यूनमेराका अध्यक्ष मोहम्मद नुर अमिन विन मोहम्मद नुर खान, वार्तामा संलग्न मोहम्मद शिहाव विन कुन्ही मोहम्मद, चिफ अपरेसन अफिसर अनुज सिंह, प्रडक्ट स्पेसलिष्ट जमिल अमिदविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

त्यस्तै ती कम्पनीहरुको साझेदार नमस्ते ग्लोबल प्रालिका निर्देशक कविन्द्रराज मल्ल विरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

अख्तियारले एमडीएमएस खरिदमा आधारभूत प्रक्रियाहरु मिचिएको दाबी गरेको छ । उपकरण (हार्डवेयर) र परामर्श सेवा (सफ्टवेयर) खरिदमा छुट्टाछुट्टै खरिद प्रक्रिया अपनाउनुपर्नेमा सबै कामलाई परामर्श सेवा भनी प्रणाली खरिद गरिएको अख्तियारको आरोप छ ।

लागत अध्ययन नगरी खरिद प्रक्रिया अघि बढाएको, अस्वभाविक बढी लागत देखाएको, प्रणाली कहाँ स्थापना गर्ने भन्ने तय नै नभई ठेक्का प्रक्रिया अघि बढाएको पनि अख्तियारको आरोप छ । अख्तियारले गोपनीयताको हक प्रतिकुल हुने गरी विदेशी कम्पनीहरुलाई 'अपरेसनल' रुपमा पूर्ण जिम्मेवारी दिएको आरोपसमेत लगाएको छ । तथ्यांकको गोपनीयतामा ध्यान नदिएको भन्दै अख्तियारले प्रचलित कानुन मिचेर प्रणाली खरिद गरेको दाबी गरेको थियो ।

अखितयारले सामान खरिदका कागजात गायब पारेको आरोपमा चार जनामाथि अर्को मुद्दा पनि लगाएको छ । प्राविधिक मूल्यांकन प्रतिवेदनको कभर पेज, प्रतिवेदनमाथिको निर्णय, आर्थिक प्रस्ताव खोल्ने मुचुल्का लगायतका कागजात गायब पारेको आरोपमा अखितयारले अच्यूतानन्द मिश्र, सूर्यप्रसाद लामिछाने, सन्दीप अधिकारी, विजयकुमार राय यादव लगायतमाथि सरकारी कागजात लुकाएको र नष्ट गरेको आरोप लगाएको हो ।

अखितयारले बिहीबार भ्रष्टाचार मुद्दा दायर गर्दा एमडीएमएस प्रणालीको पाँच वर्षको सञ्चालन खर्चलाई बिगोमा समावेश गरेको छैन । ठेकेदारले भने पाँच वर्षसम्म प्रणाली सञ्चालन गर्ने र त्यसबापत थप शुल्क उठाउने योजना बनाएको थियो ।

अखितयारले सञ्चार मन्त्रालयको अध्ययन प्रतिवेदनलाई पनि अनियमितताको प्रमाण मानेको छ । एमडीएमएस उपकरण खरिद अनियमितताबारे सञ्चार मन्त्रालयले गरेको अध्ययनले लागत अनुमानको तुलनामा अस्वभाविक र खर्चिलो ठेक्का सम्झौता भएको भन्दै संलग्नहरु माथि कारवाही गर्न सिफारिस गरेको थियो ।

ठेकेदार कम्पनीले आर्थिक प्रस्तावमा पेश गरेको रकम एक वर्षका लागि मात्रै हो । उसले ४ वर्षको लागि सञ्चालन खर्च भनी वार्षिक ६ मिलियनका दरले २४ मिलियन अमेरिकी डलर चार वर्षका लागि प्राधिकरणले लगानी गर्नुपर्ने भनेको थियो । 'यस्तो प्रस्तावलाई समेत स्वीकार गर्ने प्राधिकरणको निर्णयलाई स्वभाविक र सामान्य मान्न सकिँदैन' अध्ययन प्रतिवेदनमा भनिएको छ, 'बोलकबोल अंकलाई अनावश्यक रुपमा बढाएको देखिएको छ । नेपाल सरकारलाई हानी नोक्सानी हुने गरी काम भएकाले यस विषयमा थप अनुसन्धान/छानबिन हुन जरुरी देखिन्छ ।'

नेपालमा प्रयोग हुने अधिकांश मोवाइल सेटहरु अनौपचारिक माध्यमबाट भित्रिने गरेको र त्यसले राजस्वमा ठूलो चुहावट हुने गरेको भन्दै सरकारले त्यसलाई निगरानी गर्ने र रोक्ने प्रणाली स्थापनाको घोषणा गरेको थियो ।

योजना अनुसार, भन्सार बिन्दुमा घोषणासहित मोवाइल सेटको पहिचान नम्बर (आईएमईआई) दर्ता गरेपछि मात्रै मोवाइल सेट चल्ने हुन्थ्यो । त्यसरी दर्ता भएका बाहेक चोरबाटोबाट ल्याएका सेटहरु स्वत: निष्क्रिय हुने व्यवस्था गर्ने भनिएको थियो । त्यसैका लागि उपकरण र सफ्टवेयर खरिद गर्ने भनेका प्राधिकरणका कर्मचारीहरुले अस्वभाविक लागत मूल्य कायम राखेको, उपकरण भन्सारमा र ोकिएको बेलामा नै प्रणाली लागू गरेको घोषणा गरेको आरोप अख्तियारको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ट्रेलरको संवादले चर्चामा 'डिग्री माइला'



काठमाडौं/फिल्मप्रति दर्शकलाई आकर्षित गर्न गीत-संगीत जति महत्वपूर्ण मानिन्छ, संवादको पनि उस्तै ठूलो भूमिका हुन्छ । संवाद रुचाइँदा त्यसको फाइदा फिल्मको व्यापारमा परेको धेरै उदाहरण छन् । यसैले मेकरहरुले टिजर र ट्रेलरमा फिल्मभित्रका घतलाग्दा संवाद समावेश गर्ने गरेका छन् । यदि संवाद बोलीचालीको छ र त्यसलाई रोचक शैलीमा भनिएको छ भने त्यो बढी रुचाइने गरिएको छ ।

फिल्मको संवादमा विशेष ध्यान दिने निर्देशकहरुमा रामबाबु गुरुङ अग्रसूचीमा पर्छन् । चाहे 'कबड्डी'का श्रृंखला होस् या 'फूलबारी', संवादमा उनको राम्रो दख्खल देखिन्छ । उनका फिल्मको विशेषता भनेकै रोचक संवाद र चोटिला पञ्चलाइन हुन् । उनको आगामी फिल्म 'डिग्री माइला'को ट्रेलरमा पनि त्यो छनक आउँछ । ट्रेलरमा समावेश केही संवादले फिल्मप्रति दर्शकको ध्यान खिचेको छ ।

१. स्तर मिल्दैन के भाइ हो, बुझन् । तेरो आँगनमा आएर मेसीले फुटबल खेल्ला त ?
२. मैले चाहें भने दुई घण्टाभित्र हेलिकप्टर-सेना झरेर गाउँ नै हरियो बनाइदिन्छु ।
३. सहरमा मिस नेपालहरु म जस्तो ह्यान्डसम र ट्यालेन्ट केटा नपाएर कुमारी बस्या छन् ।
४. आजकाल अनुहारको हैन, ट्यालेन्टको भ्यालु छ । अनुहारमा त म गोबरै पोतेर पनि केटी पट्याइदिन्छु ।
५. तिमीहरु कुँवामा बस्ने भ्यागुतालाई म उडेको जस्तै त लाग्छ नि । समुन्द्र देख्नेलाई पो थाहा हुन्छ, पानीजहाज कत्रो हुन्छ भनेर ।

यी संवादहरु जति रोचक सुनिन्छन्, त्यत्तिकै सरल र सहज पनि छन् । यसैले दर्शकहरुको जिब्रोमा झुण्डिन थालेको छ । फिल्मको व्यापारमा यसको प्रभाव देखिन सक्ने आँकलन गरिएको छ । युट्युबमा ट्रेलर सार्वजनिक भएसँगै प्रतिक्रिया पनि अब्बल मिलेको छ । युट्युब रिलिजको ६ दिनमा १० लाख बढी भ्यूज पाइसकेको ट्रेलरको कमेन्टमा धेरैले फिल्म 'ब्लकबस्टर' हुने दाबी गरेका छन् ।

यही चैत ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा दयाहाङ राई, आँचल शर्मा, प्रकाश घिमिरे, विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, हिउँवाला गौतम, कमलमणि नेपाल, सोमनाथ खनाल, लोकेन्द्र लेखक लगायतको अभिनय छ भने ऋचा शर्मा विशेष भूमिकामा छिन् । २०६९ र २०७१ सालमा गरी दुईपटक मञ्चन गरिएको 'डिग्री माइला' नाटकमा आधारित भएर फिल्म बनेको हो ।

# क्यूएफएक्सले गर्‍यो 'महाजात्रा'लाई 'सुपरहिट' घोषणा

काठमाडौं/गत शुक्रबार देखि प्रदर्शनरत फिल्म 'महाजात्रा'ले बक्स अफिसमा उच्च अंक जोडेको छ । तीन दिनमा ४ करोडमाथि कमाई गरेको फिल्मले बलियो 'वर्ड अफ माउथ'का कारण हलमा आफ्नो दबदबा कायम राखेको छ । सोमबारबाट कामकाजी दिन सुरु हुँदा व्यापारमा केही गिरावट आए पनि प्राप्त शोजमा अकुपेन्सी राम्रो छ । पहिलो हप्तामा फिल्मको कमाई ६ करोड पुग्ने अनुमान छ ।



यस्तैमा, देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्स सिनेमाज्ले 'महाजात्रा'लाई सुपरहिट घोषणा गरेको छ । क्यूएफएक्सको वेबसाइट हेर्ने हो भने फिल्मलाई 'सुपरहिट' भनेर उल्लेख गरिएको छ । सम्भवत: पहिलोपटक यो हलले नेपाली फिल्मलाई यसरी 'सुपर हिट'को ट्याग दिएको हो । क्यूएफएक्स चेनमा फिल्मले गरेको कलेक्सनको आधारमा यो घोषणा गरिएको हुनसक्ने देखिन्छ ।

क्यूएफएक्सबाट नेपाली निर्माताहरूले राम्रो सेयर पाउँदै आएका छन् । 'छक्का पञ्जा', 'कबड्डी' जस्ता सिरिजले यही हलबाट करोडौं लगेका थिए । यसैले क्यूएफएक्समा उच्च शोजसहित फिल्म रिलिज गर्ने धेरै निर्माताको सपना हुने गर्छ । र, यो हलमा हुने व्यापारले फिल्मको देशभरको मोटामोटी आँकडा बताउँछ । यसकारण पनि क्यूएफएक्सले 'महाजात्रा'लाई 'सुपरहिट' भन्नुको ठूलो अर्थ छ ।

भोलिबाट दोस्रो हप्तामा प्रदर्शन सुरु गर्न लागेको यो फिल्मले १० करोडमाथि कमाउने प्रक्षेपण गरिएको छ । यो हुँदा यस वर्ष उच्च कमाई गर्ने फिल्मको दोस्रो स्थान 'महाजात्रा'ले बनाउनेछ । 'जारी'को १७ करोडको रेकर्ड छ भने 'पशुपति प्रसाद २ : भष्मे डन' र 'दिमाग खराब'को कमाई ९ करोडमुनि छ । तर, १० करोड जोड्न आगामी दिनमा पनि 'महाजात्रा'ले आकर्षक कमाई गर्नुपर्नेछ ।

# जापानमा नेपाली स्कुल : विद्यार्थीको घुइँचो

जापान/नेपालमा प्राय: ठूला शहरमा विदेशी भाषा सिकाउने कक्षा सञ्चालनमा छन् । त्यहाँ बिहानदेखि बेलुकासम्म विभिन्न देशका भाषा सिक्ने विद्यार्थीको घुइँचो नै लाग्छ । अझ भाषा पढाइने क्याम्पसमा नाम निकालेर जापानिज, चाइनिज भाषा पढ्नेको संख्या पनि कम छैन । यसरी नेपालमा विदेशी भाषाको लगाव बढिरहँदा अभिभावकसँगै जापान पुगेका नेपाली बालबालिका भने नेपाली भाषा र पाठ्यक्रममा राखिएका कुरा अध्ययन गर्न जापानमा सञ्चालित नेपाली विद्यालय धाइरहेका छन् । जापानको टोकियोमा रहेको एभरेष्ट इन्टरनेशनल स्कुल नेपाली पाठ्यक्रम अनुसार नेपाल बाहिर माध्यमिक तहसम्म पढाइ हुने एक मात्र विद्यालय हो ।

एभरेष्टमा नेपाली पाठ्यक्रम अध्ययन गर्न नेपाली मात्र नभएर विदेशी विद्यार्थी पनि आउने गरेका छन् । विद्यालयमा ४५० विद्यार्थी अध्ययनरत छन् । जसमा २५ जना विदेशी विद्यार्थी रहेको विद्यालयका प्रधानाध्यापक विष्णु भट्टले संचारकर्मीलाई बताए । एभरेष्टमा नेपालीसँगै जापानिज, इन्डियन र जाम्बियाका विद्यार्थी पढ्छन् ।

विद्यालयलाई विद्यार्थीको चाप व्यवस्थापन गर्न हम्मेहम्मे पर्ने गरेको छ । विद्यालयको क्षमता भन्दा धेरै विद्यार्थी भर्ना गर्न नमिल्ने हुँदा अध्ययन गर्न चाहने सबै विद्यार्थीलाई भर्ना लिन नसकिरहेको प्रधानाध्यापक भट्ट बताउँछन् । 'पछिल्लो समय एभरेष्टमा पढ्न चाहने विद्यार्थी फवात्तै बढेका छन् । तर हाम्रो स्रोत र साधनले नधान्ने हुँदा सबैलाई लिन सकिरहेका छैनौं', प्रधानाध्यापक भट्टले भने ।

एभरेष्ट इन्टरनेशनल स्कुलमा नर्सरीदेखि १२ कक्षासम्म पढाइ हुन्छ । आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ ले कक्षा ९ देखि १२ लाई माध्यमिक तह मानेको छ । यसपश्चात् २०७७ सालमा सरकारले विदेशमा १२ कक्षासम्म पठनपाठन गराउन पाइने व्यवस्था गरेको थियो । एभरेष्ट स्कुलकै पहलमा तत्कालीन मन्त्रिपरिषद्को बैठकले सो व्यवस्था गरेको विद्यालयका लगानीकर्ता भूषण घिमिरेले बताए ।

मन्त्रिपरिषद्को निर्णयपछि कक्षा १० सम्म सञ्चालित एभरेष्टले ११ र १२ कक्षा समेत सञ्चालनमा ल्याएको हो । ११ र १२ कक्षामा म्यानेजमेन्ट र विज्ञान संकायमा पढाइ हुँदै आएको छ । यो स्कुलबाट यसपटक २३ जनाले माध्यामिक शिक्षा परीक्षा (एसईई) दिँदैछन् । जसमा १५ छात्रा र ८ छात्र रहेका छन् । यहाँको परीक्षा केन्द्रको नेपाली दूतावासले परीक्षाको अनुगमन गर्ने छ ।

प्रिन्सिपललाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ । उत्तर पुस्तिका हुलाकमार्फत पठाइएको थियो भने प्रश्नपत्र इमेलमार्फत पठाइने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए । यसरी हुने परीक्षाको विश्वसनीयतामाथि भने प्रश्न उठ्ने गरेको छ ।

एभरेष्टमा शिक्षक र स्टाफ गरी ६२ जना कार्यरत छन् । जसमा ९ जना जापानिज, १ जना अमेरिकन र २ जना फिलिपिन्स गरेर १२ जना विदेशी र अरू नेपाली शिक्षक छन् ।

जापानमा नेपालीको संख्या बढेसँगै विद्यालयको अभाव महसुस गरी सन् २०१३ बाट विद्यालय सञ्चालनमा ल्याएको संस्थापक अध्यक्ष भूपालमान श्रेष्ठले बताए । 'टोकियोमा अमेरिका, इन्डियाले सञ्चालनमा ल्याएका अंग्रेजी माध्यमबाट पढाइ हुने इन्टर नेशनल स्कुलहरू थिए । महँगो शुल्कका कारण ती स्कुलमा नेपाली समुदायको पहुँच पुग्दैनथ्यो । जापानिज विद्यालयमा भर्ना गरे आफ्नो देशको भाषा, संस्कृति नजान्ने अवस्था रहने भएकाले नेपाली विद्यालयको आवश्यकता महसुस गरी एभरेष्ट स्कुल सञ्चालनमा ल्याएका हौं', संस्थापक अध्यक्ष श्रेष्ठले संचारकर्मीसँग भने ।

जापानमा रहेर व्यापार व्यवसाय साथै रोजागारीमा संलग्न ६५ जनाको लगानीमा विद्यालय सञ्चालनमा छ । जसमा विद्यालय सञ्चालक समितिका अध्यक्ष भवन भट्ट, संस्थापक अध्यक्ष श्रेष्ठ, व्यवसायीहरू महेश श्रेष्ठ, मेघराज नेपाल, दीपक सुवेदी, भूषण घिमिरे लगायत छन् ।

विद्यालयले सन् २०१७ नोभेम्बरमा टोकियोको ओगिकुबोमा ४० करोड येनमा भवन खरिद गरेको छ । जहाँ कक्षा ४ देखि १२ सम्म अध्ययन हुन्छ । नर्सरीदेखि युकेजीसम्म टोकियोको ओकुबोमा र १ देखि ३ कक्षासम्म आसागायामा पढाइ हुँदै आएको छ ।

**अगाडि बढ्दै हिमालयन र तोकाई**

एभरेष्टसँगै जापानमा अन्य दुई नेपाली विद्यालय पनि सञ्चालनमा छन् । टोकियोकै कोइवामा हिमालयन इन्टरनेशनल एकेडेमी सञ्चालनमा छ । सन् २०२१ बाट सञ्चालनमा आएको उक्त विद्यालयमा नेपाली र विदेशी गरेर १९० जना विद्यार्थी अध्ययनरत रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन रिजालले बताए ।

आगामी शैक्षिक सत्रबाट विद्यालयले ७ कक्षासम्म पठनपाठन गराउने रिजाल बताउँछन् । स्कुलले हरेक वर्ष १ कक्षा वृद्धि गर्दै लगिरहेको उनले जानकारी दिए । विदेशी भूमिमा नेपाली पाठ्यक्रम पढाउन पाउँदा गर्व महसुस हुने उनी बताउँछन् । विद्यालयले भवन भाडामा लिएर कक्षा सञ्चालन गर्दै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# वीरगञ्ज भन्सारबाट ८ महिनामा १ खर्ब मात्र राजस्व संकलन

वीरगञ्ज (पर्सा)/ मुलुककै मुख्य व्यापारिक नाका वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिनाको अवधिमा ९९ अर्ब ७१ करोड १७ लाख ४६ हजार राजस्व सङ्कलन गरेको छ । गत साउनदेखि फागुन मसान्तसम्ममा सो परिमाणमा राजस्व सङ्कलन भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा वार्षिक लक्ष्यको ४० दशमलव ५५ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको बताए । 'विकास निर्माण लक्षित पुँजीगत खर्च हुने समय भर्खरै सुरु भएकाले पनि चालु आवमा राजस्व सङ्कलनमा सुधार हुने पर्याप्त सम्भावना रहेको छ', उनले भने, 'चालु आर्थिक वर्षमा वार्षिक लक्ष्यको कम्तीमा पनि ७२ देखि ७५ प्रतिशत राजस्व सङ्कलन गर्ने लक्ष्यसहित काम गरिरहेका छौं ।'

भन्सार कार्यालयले सरदर दैनिक ४० करोडको हाराहारीमा राजस्व सङ्कलन गर्ने गरेको छ । कार्यालयले विशेष गरी १२ शीर्षकमा राजस्व सङ्कलन गर्दै आएको प्रमुख भन्सार प्रशासक पन्थीले बताए । यसअन्तर्गत भन्सार महसुल (आयात), मूल्यअभिवृद्धि कर, अन्त:शुल्क, अग्रिम आयकर, स्वास्थ्य जोखिम कर, पूर्वाधार कर, कृषि सुधार शुल्क, भन्सार सम्बन्धी अन्य आय र सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर र विलासिता शुल्क उठाउँदै आएको छ । भन्सार विभागले चालु आर्थिक वर्षमा यस कार्यालयलाई दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख ८२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ ।

प्रमुख भन्सार प्रशासक पन्थीका अनुसार साउनमा ११ अर्ब ८६ करोड राजस्व सङ्कलन भएको छ । भदौमा १२ अर्ब ७१ करोड, असोजमा १४ अर्ब २७ करोड, कात्तिकमा १० अर्ब ३२ करोड, मङ्सिरमा १२ अर्ब ८२ करोड, पुसमा १२ अर्ब ७४ करोड, माघमा ११ अर्ब ८३ करोड तथा फागुनमा १३ अर्ब १३ करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ ।


आर्थिक वर्ष २०७९/८० को आठ महिनाको अवधिमा एक खर्ब ६८ अर्ब २३ करोड ८६ लाख ८५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा एक खर्ब एक अर्ब ५३ करोड ८० लाख ७५ हजार राजस्व सङ्कलन गरेको थियो । वीरगञ्ज उद्योग वाणिज्य सैका अध्यक्ष अनिलकुमार अग्रवाल नेपालका उद्योगधन्दा धरासायी अवस्थाबाट गुज्रिरहेकाले पनि पर्याप्त मात्रामा उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ आयात नहुँदा राजस्व घटेको हुन सक्ने बताए ।

प्रमुख भन्सार प्रशासक पन्थी भने चालु आर्थिक वर्षमा पेट्रोलियम पदार्थबाट चल्ने गाडीको आयात कम भएकाले भन्सार राजस्व घटेको बताए । 'चालु आवमा इन्धनबाट चल्ने सवारी साधनको आयात निकै घटेको छ । आएका सवारीसाधन पनि अधिकांश विद्युतीय सवारीसाधन भएकाले र ाजस्वमा प्रत्यक्ष असर देखिएको हो', उनले भने, 'कच्चा खानेतेलको आयात ६२ प्रतिशतले गिरावट आएको छ । यसका साथै औद्योगिक क्षेत्रमा आवश्यक पर्ने कच्चापदार्थ र सुर्तीजन्य पदार्थको आयात घटेकाले राजस्व सङ्कलनमा प्रत्यक्ष असर देखिएको हो ।'

कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा दुई खर्ब चार अर्ब राजस्व सङ्कलन गरेको थियो । आव २०७९/८० मा एक खर्ब ५७ अर्ब १५ करोड ४९ लाख २१ हजार सङ्कलन गरेको थियो । यस्तै कार्यालयले चालु आर्थिक वर्षका आठ महिनाको अवधिमा भने ९९ अर्ब ७१ करोड राजस्व सङ्कलन गरेको छ । राजस्व सङ्कलनमा वीरगञ्ज भन्सार कार्यालय मात्रै होइन, समग्रमा सँघीय सरकारले पनि लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न सकिरहेको छैन ।

# गोलरक्षक एन्जिलाको जीवन प्रेरित 'अन्जिला' आगामी वर्षको माघमा

काठमाडौं/महिला राष्ट्रिय फुटबल टिमकी गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवन संघर्षबाट प्रेरित भएर निर्माण भएको फिल्म 'अन्जिला'को प्रदर्शन मिति घोषणा गरिएको छ । फिल्मलाई आगामी वर्षको माघ ११ गते प्रदर्शन गर्न लागिएको हो । निर्देशक मिलन चाम्सले पोस्ट प्रोडक्सनको काम सकाएर प्रचारमा पर्याप्त समय दिने सोचसहित आगामी माघलाई प्रदर्शन मिति घोषणा गरिएको बताए ।




फिल्ममा एन्जिला स्वयंको मुख्य भूमिका छ भने उनीसँगै दयाहाङ राई, मिरुना मगर, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङ, विजय बराल, प्रेम कुमार श्रेष्ठ, हरि खड्का, मञ्जु श्रेष्ठ, वेदना राई, सिद्धार्थ सिंह, सुरज तमु, सुमिन गुरुङ, विष्णु मोक्तानको पनि अभिनय छ । गत फागुनमा सार्वजनिक भएको पोस्टर हेर्दा दयाहाङले एन्जिलाको बुबाको भूमिका निर्वाह गरेको हुनसक्ने देखिन्छ ।

निर्देशक चाम्सले आफ्नो निर्देशन करिअरमा यो फिल्मले फरक छाप छोड्ने विश्वास व्यक्त गरेका छन् । एन्जिलाको बाल्यकालदेखि खेल जीवनसम्मको कथामा फिल्म बनेको उनले बताए । उनका अनुसार, यो फिल्म ठ्याक्कै एन्जिलाको बायोपिक भने होइन । ७५ प्रतिशत एन्जिलाकै जीवनबाट प्रभावित भए पनि बायोपिक नरहेको उनको भनाई छ । सुदीप बरालले फिल्म छायांकन गरेका हुन् ।

मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको 'अन्जिला'मा प्रेम कुमार श्रेष्ठ निर्माता तथा विनोद अग्रवाल र राजेश बगडिया सह-निर्मातामा छन् । यो फिल्मलाई मिलन श्रेष्ठले सम्पादन गरिरहेका छन् । एन्जिलाकै जन्मथलो इलामको आइतबारेसहित काठमाडौं र झापामा फिल्म छायांकन भएको हो । फिल्मको छायांकन सकिएपछि निर्माताले मिलन र एन्जिलालाई स्कुटर उपहार दिएका थिए ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



**कुलेखानी-सिस्नेरी-छैमले खण्ड फेरि बन्द** : सवारी साधनको आवागमनले सडक कालोपत्रे गर्ने कार्यमा बाधा परेको भन्दै भीमफेदी-कुलेखानी-सिस्नेरी-छैमले सडक खण्ड पुन बन्द गर्ने निर्णय भएको छ । ईन्द्रसरोबर गाउँपालिका-३ नं. वडाकार्यालयले सूचना प्रकाशन गरी चैत १७ गते शनिबारदेखि कालोपत्रे कार्य सम्पन्न नभएसम्मका लागि यातायातका साधन संचालनमा प्रतिबन्ध लगाएको हो । वडाअध्यक्ष प्रताप भोम्जनले बिहीबार सूचना प्रकाशन गर्दै सडक कालोपत्रे गर्न बेस हालिएको र सवारी आवागमनका कारण कालोपत्रे गर्ने कार्यमा बाधा परेको भन्दै यात्रीलाई यो सडक खण्ड प्रयोग नगर्न आग्रह गरिएको हो । निर्धारित समयमा काम सम्पन्न गर्नका लागि सवारीसाधनको आवागमनले बाधा परेका कारण सम्पूर्ण यात्रीलाई यो सडक खण्ड भएर यात्रा नगरिदिन आग्रह गरिएको हो । *तस्बिर: साझाकुरा*

# मकवानपुरमा एसईईको पहिलो दिन ११७ परीक्षार्थी अनुपस्थित

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ मकवानपुरसहित देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) को परीक्षा विहीबारबाट सुरु भएको छ । पहिलो दिनको अनिवार्य अंग्रेजी विषयको परीक्षामा मकवानपुरबाट ११७ जना अनुपस्थित भएका छन् ।

शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका शाखाअधिकृत उन्नती ढकालका अनुसार एसईई परीक्षाको लागि जिल्लाबाट ६ हजार १ सय ३३ जनाले फर्म भरेकोमा अंग्रेजी विषय परीक्षामा ६ हजार १६ जना परीक्षार्थीले परीक्षा दिएका छन् । मकवानपुर जिल्लामा २६ परीक्षाकेन्द्र कायम भएकोमा सबैभन्दा बढी राक्सिराङको प्रजाजागृति माध्यमिक विद्यालयको परीक्षा केन्द्रमा परीक्षार्थी अनुपस्थित भएको ढकालले बताइन् ।

गतवर्ष मकवानपुरमा २५ परीक्षाकेन्द्र रहेकोमा यसवर्ष राक्सिराङको प्रजाजागृति माध्यमिक विद्यालयलाई नयाँ परीक्षाकेन्द्र थप गरिएको हो । प्रजाजागृति परीक्षा केन्द्रमा २१ छात्रा र ११ छात्र गरी ३२ जना अंग्रेजी विषयको परीक्षामा अनुपस्थित भएका छन् । यसैगरी जनता माविमा ३ जना, बुद्ध मावि हात्तिसुँडे केन्द्र ९ जना, महेन्द्र मावि छतिवनमा १ जना, जनप्रिय माविमा ३ जना, जनकल्याण माविमा ६ जना, मत्स्यनारायण माविमा ३ जना विद्यार्थी अनुपस्थित भएका छन् ।

यसैगरी राष्ट्रिय रोटरी माविमा ६, महेन्द्रकिरण मावि ज्यामिरे ४ जना, महेन्द्रकिरण मावि बसामाडी केन्द्रमा ५ जना, निर्मल माविमा १ जना, वंशगोपाल माविमा १ जना, बालज्योति मावि पिप्लेमा ११ जना, भुटनदेवी माविमा ९ जना, सिद्धार्थ माविमा ४ जना, जीएस निकेतनमा ११ जना, सोलिड्यारिटी इन्टरनेशनल विद्यालयमा २ जना, प्रगति माविमा ३ जना र अमर मावि ३ जना विद्यार्थी अंग्रेजी विषयमा अनुपस्थित रहेका शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको हाजिरीमा उल्लेख छ ।

ईकाइका अनुसार जिल्लाको कैलाश गाउँपालिका बाहेक ९ वटा पालिकामा एसईईको परीक्षाकेन्द्र छ । इकाईका अनुसार हेटौंडा उपमहानगरमा १४ वटा र अन्य ८ पालिकामा १२ वटा विद्यालयलाई परीक्षाकेन्द्र बनाइएको हो । शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका अनुसार बागमतीमा १, हेटौंडामा १४, मनहरीमा २, थाहानगरमा ३, मकवानपुरगढी १, बकैयामा २, भीमफेदीमा १, इन्द्रसरोवर १ र राक्सिराङमा १ वटा परीक्षाकेन्द्र तोकिएको हो । कैलाश गाउपालिकामा भौतिक पूर्वाधारको अभावका कारण परीक्षाकेन्द्र नतोकिएको इकाई प्रमुख दिनानाथ गौतमले बताए ।

एसईईमा बागमती प्रदेशबाट १ लाख ३३ जना परीक्षार्थी सहभागी हुने बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय हेटौंडाले जनाएको छ । काठमाडौंबाट ३७ हजार २९१, भक्तपुरबाट ६ हजार ७७, ललितपुरबाट ९ हजार ७५८, काभ्रेपलाञ्चोकबाट ५ हजार ९६३, सिन्धुपाल्चोकबाट ३ हजार ७१०, नुवाकोटबाट ३ हजार ९२२, र सुवाबाट ५७१, धादिङबाट ४ हजार ९१०, मकवानपुरबाट ६ हजार १६३, चितवनबाट १० हजार ८९१, रामेछापबाट २ हजार ८१९, दोलखाबाट २ हजार ६४६ र सिन्धुलीबाट ५ हजार ३१२ जना परीक्षार्थी सहभागी हुनेछन् ।

# अभियानमा जुट्दै एकीकृत समाजवादी

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/नेकपा एकीकृत समाजवादी पार्टी मकवानपुरले पार्टीको केन्द्रीय सर्कुलरअनुसार मकवानपुरका स्थानीय तह र वडास्तरमा संगठन अभियान चलाइ रहेको छ ।

अभियान लिएर पार्टीका केन्द्रीय नेता गाउँ पुग्न थालेपछि समाजवादी पार्टीमा नवप्रवेशीको लहर चलेको छ । नेतृत्व गाउँ आउँदा नागरिकले आफ्ना समस्या भन्न पाएका छन् । पार्टी स्थायी कमिटी सदस्य एवम् पूर्वमन्त्री विरोध खतिवडा पछिल्लो समय पार्टी काममा सक्रिय देखिएका छन् । उनले हेटौंडाका विभिन्न वडा, मनहरीका विभिन्न वडा र राक्सिराङमा पार्टीका कार्यक्रममा सहभागिता जनाए ।

नेकपा एकीकृत समाजवादी मकवानपुरले पार्टीको दुई महिने अभियान अन्तर्गत विभिन्न कार्यक्रम गरिरहेको छ । यसैक्रममा पश्चिम मकवानपुरको राक्सिराङ, मनहरी गाउँपालिकाका विभिन्न वडामा पार्टीका गतिबिधि भएका छन् । राक्सिराङको चैनपुर, लाइसीराङ, दामराङ चौतारामा विभिन्न कार्यक्रम भएको छ भने नेकपा एमाले, नेपाली



कांग्रेससहित विभिन्न पार्टी परित्याग गरी नेकपा एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेकालाई पार्टी संगठनमा आवद्ध गराइएको छ ।

मनहरी-२ भुन्द्रुङटाँडीमा बिहीबार भएको वडाभेलाले राजकुमार स्याङ्तानको अध्यक्षतामा १५ सदस्यीय वडा कमिटी चयन गरेको छ । कमिटीमा उपाध्यक्ष पातली गोले, सचिव सिंगबहादुर रुम्बा र सहसचिव समिरा थिङ चयन भएका छन् । १५ सदस्यीय वडा कमिटी गठन भएको हो । भेलालाई नेकपा एकीकृत समाजवादी पार्टी केन्द्रीय सदस्य एवम् मकवानपुर इञ्चार्ज मुनु सिग्देल, केन्द्रीय सदस्य राजाराम स्याङ्तान, जिल्ला अध्यक्ष विष्णु दाहाल, सचिवालय सदस्य किशोर बर्तौला लगायतले सम्बोधन गरेका थिए ।

भेलामा नेकपा एमाले परित्याग गरी दिनेश रुम्बाको नेतृत्वमा एक दर्जन युवा समाजवादी प्रवेश गरेका थिए । यसअघि, राक्सिराङ-६ दामराङ चौतारामा भएको भेलाले दानियल प्रजाको अध्यक्षतामा वडाकमिटी गठन गरेको छ । कमिटीमा उपाध्यक्ष: अनिषा प्रजा, सचिव: सामुयल प्रजा र सहसचिव कुलबहादुर प्रजा चयन भएका छन् । १७ सदस्यीय वडा कमिटी चयन गरिएको हो ।

एकीकृत समाजवादीमा पार्टी प्रवेश कार्यक्रम भइरहेको छ । हेटौंडामै दुईपटक जिल्लाका युवा समूह पार्टी प्रवेश कार्यक्रम भयो । 'झण्डै चार सय युवा विभिन्न पार्टी परित्याग गरेर नेकपा एसमा प्रवेश गरेका छन्,' पार्टी केन्द्रीय सदस्य मीना लामाले भनिन्,' राक्सिराङका विभिन्न वडाको भेलामा पनि उत्साहजनक सहभागिता देखिएको छ । ६० प्रतिशत भन्दा बढी चेपाङ समुदाय रहेका वडामा धमाधम वडाकमिटी निर्माण भएका छन् । 'अब पार्टी मकवानपुरमा स्थापित हुने क्रममा छ, ढाँटछल नगरी खुरुखुरु काम गरिरहँदा एउटा जुझारु समूह समाजवादीमा जोडिने क्रम जारी छ,' पार्टी अध्यक्ष दिाहालले भने ।

### रिटर्नीको भेला

नेकपा एकीकृत समाजवादी पार्टीको भ्रातृसंगठन नेपाल रिटर्नी एसोसिएसनको भेला चैत १७ गते हेटौंडामा हुने भएको छ । भेलामा मकवानपुरबाट वैदेशिक रोजगारीमा गएर फर्केकाहरु सहभागी हुने एसोसियसन मकवानपुर इञ्चार्ज दुर्गा दाहालले बताए । भेलाले एसोसियसनको मकवानपुर शाखा पनि गठन गर्ने छ । भेलामा एसोसियसनका केन्द्रीय अध्यक्ष प्रवीण पौडेलगायतका नेतृत्व सहभागी हुने बताइएको छ ।

# सहकारी दिवसको अवसरमा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/६७ औं राष्ट्रिय सहकारी दिवस २०८० को अवसरमा सहकारी संस्थाबाट गरिने 'ऋण लगानी तथा असुलीका कानुनी प्राबधान र सरोकारवालाको भूमिका' बिषयमा सरोकारवाला र सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी र कर्मचारीसँग अन्तरक्रिया भएको छ ।

बिहीबार बागमती प्रदेशस्तरीय ६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको आयोजना तथा बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी विकास बोर्डको सहयोगमा भएको अन्तरक्रिया प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष तथा प्रदेशस्तरीय ६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिका संयोजक नारायणप्रसाद देवकोटाको अध्यक्षता तथा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय बागमती प्रदेशका सचिव हरिशरण पुडासैनीको प्रमुख आतिथ्यतामा भएको हो ।



कार्यक्रममा प्रमुख अतिथि पुडासैनीले सहकारी संघ संस्थाहरु नीति, बिधि र प्रविधिमा आधारित भई सञ्चालन हुनुपर्नेमा जोड दिए । अन्तरक्रियामा राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्सालले सहकारी दिवसको अवसरमा महासंघले निर्धारण गरेको 'सहकारीमा सुशासन: प्रविधि र एकीकरण' भन्ने नारालाई सार्थक बनाउन सम्पूर्ण सहकारी संघ संस्थाको जिम्मेवारी भएको बताए । त्यस्तै बागमती प्रदेश सहकारी रजिष्ट्रार रोहित पोखरेलले सहकारीका सदस्यहरु गम्भिर र ईमान्दार भए सहकारीमा समस्या नआउने बताए । मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघकी अध्यक्ष कल्पना श्रेष्ठले सहकारी दिवसको अवसरमा शुभकामना ब्यक्त गर्नुका साथै अन्तर क्रियाले सहकारीमा उत्पन्न समस्याको समाधान गर्ने उपाय निस्कने बताइन् ।

बागमती प्रदेशको राजधानी हेटौंडामा भएको अन्तरक्रियामा सहभागीले राखेका जिज्ञाशाको सरोकारवालाको तर्फबाट मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष देबकोटा, मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, मालपोत कार्यालयका अधिकृत भीम परियार, बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका कानून अधिकृत मनोज गुप्ता, हेटौंडा उपमहानगर पालिका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघकी अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, जिल्ला कृषि सहकारी संघ मकवानपुरकी उपाध्यक्ष रेखा खतिवडा, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका सञ्चालक ईन्द्रप्रसाद खतिवडाले जवाफ दिए ।

अन्तरक्रियाको मध्यस्तता सञ्चारकर्मी सुरेश श्रेष्ठले गरेका थिए । हरेक वर्ष झैं यसवर्ष पनि 'सहकारीमा सुशासन: प्रविधि र एकीकरण' भन्ने नाराका साथ विविध कार्यक्रम सहित सहकारी दिवस सप्ताहब्यापीरुपमा मनाईदैछ । राष्ट्रिय सहकारी दिवसकै अवसरमा चैत्र १६ देखि १९ गतेसम्म सहकारी संघ संस्थाले सहकारी दिवस लक्षित कार्यक्रम सञ्चालन गर्ने, २० गते बिहान ७:०० बजे हेटौंडा-१ चौकीटोलको रोपवेचौरबाट प्रभातफेरी सुरु भई रोयल प्यालेस हेटौंडामा प्रवचन, पुरस्कार तथा सम्मान वितरण गरिने र साँझ बागमती प्रदेशभरका सहकारी संघसंस्थाले दीपावली गरी सहकारी दिवस मनाउने मूल समारोह समितिका कार्यालय सचिव गोबिन्द दाहालले बताए ।

# सरकारले तोक्यो चैते धानको समर्थन मूल्य

काठमाडौं, १५ चैत/ सरकारले चैते धानको समर्थन मूल्य तोकेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले चालु आर्थिक वर्ष २०८०/८१ का लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको समर्थन मूल्य प्रतिक्विन्टल २ हजार ७०७ रुपैयाँ तोकेको हो ।

१८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा १ प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल १२०० ग्रामका दरले हुन आउने तौल घटाइ कायम हुने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम हुने सरकारले निर्णय गरेको छ । त्यसैगरी बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले आर्थिक वर्ष २०८१/८२ का लागि राजस्व बाँडफाँटको ढाँचा र हिस्सा बमोजिम ७ प्रदेशको लागि ७७ अर्ब ५० करोड रुपैयाँ र स्थानीय तहका लागि पनि ७७ अर्ब ५० करोड स्वीकृत गर्ने निर्णय गरेको छ ।

वित्तीय समानीकरण अनुदानको परिमाण ७ प्रदेशको लागि ६० अर्ब र स्थानीय तहको लागि ८८ अर्ब स्वीकृत गर्ने बैठकको निर्णय छ । आजको बैठकले नेपाल पर्यटन बोर्डको कार्यकारी समितिको रिक्त ३ सदस्य पदमा ऋषिराम भण्डारी, राजेन्द्रबहादुर लामा र रामप्रसाद सापकोटालाई मनोनयन गर्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।

नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा हरिप्रसाद लम्साललाई बढुवा गर्ने निर्णय पनि सरकारले गरेको छ ।

*"सहकारीमा सुशासन : प्रविधि र एकिकरण"*

**६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समिति**

बागमती प्रदेश, हेटौडा, मकवानपुर

**सूचना ! सूचना ! सूचना !**

नेपालको सहकारी अभियानको मूख्य पर्व ६७ औं राष्ट्रिय सहकारी दिवस ***"सहकारीमा सुशासन: प्रविधि र एकिकरण"*** भन्ने मुल नाराका साथ २०८० चैत्र २० गते बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश स्तरीय कार्यक्रमको आयोजना गरि भब्यता पुर्वक सम्पन्न गर्न १००१ सदस्यीय बागमती प्रदेश स्तरीय मूल समारोह समिति गठन भइसकेको ब्यहोरा अनुरोध गर्दै उक्त कार्यक्रमलाई अनुशासित, ब्यवस्थित र मर्यादित रुपमा भब्यताका साथ सु-सम्पन्न गर्न मूल समारोह समितिको निर्णय अनुसार तपसिल अनुसारको कार्यक्रमहरुमा बागमती प्रदेश भित्रका सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सक्रियतापूर्वक कार्यक्रमहरु सम्पन्न गर्नको लागि अनुरोध गरिन्छ ।

**तपसिल**

यस बर्ष **"६७ औं राष्ट्रिय सहकारी दिवस"** सहकारी संघ/संस्थाहरु, सहकारीकर्मीहरु तथा सरोकारवाला निकायहरु सबैको सक्रिय सहभागितामा भब्यताका साथ मनाउने ।

**क)** २०८०/१२/१४ गते बागमती प्रदेश भरका सहकारी संघ/संस्थाको कार्यालयमा सहकारी दिवसको नारा **"सहकारीमा सुशासन : प्रबिधि र एकिकरण"** सहितको सहकारी दिवस सम्बन्धी ब्यानर राख्ने ।

**ख) अन्तरक्रिया कार्यक्रम** : २०८० चैत्र १५ गते

**ग) प्रभातफेरी कार्यक्रम** : २०८० चैत्र २० गते बिहान ७:०० बजे हेटौंडा उपमहानगरपालिका-१, चौकीटोल स्थित रोप वे चौरमा भेला भई ऱ्यालीसहित बुद्धचोक हुँदै रोयल प्यालेस हेटौंडा-४ मा शुभकामना सभामा सहभागी हुने ।

**घ) दिप प्रज्वलन कार्यक्रम** : २०८० चैत्र २० गते साँझ बागमती प्रदेश भरिका सम्पुर्ण सहकारी संघ/संस्थाहरुमा **"सहकारीमा सुशासन : प्रविधि र एकिकरण"** भन्ने नारासहितको ब्यानर राखी आ-आफ्नो कार्यालय तथा मुख्य बजारहरुमा दिप प्रज्वलन गर्दै सहकारी दिवसको खुसियाली साटासाट गर्ने ।

**ङ)** सामाजिक सञ्जालहरुमा नारा सहित शुभकामना आदान प्रदान गर्ने ।

**कार्यक्रमहरु**

| मिति | स्थान | समय | कार्यक्रम |
|---|---|---|---|
| २०८०/१२/१४ | सबै संघ/संस्थाको कार्यालयमा | | यस बर्षको नारा सहित ब्यानर राख्ने |
| २०८०/१२/२० | रोपवेको चौर हेटौडा १ चौकीटोल ओरालो | बिहान ७:०० बजे | प्रभातफेरी ऱ्याली |
| २०८०/१२/२० | रोयल प्यालेस हेटौंडा ४ | बिहान ८:३० बजे | प्रवचन र सम्मान वितरण |
| २०८०/१२/२० | संघ/संस्थाहरुको कार्यालय परिसर | साँझ ७:०० बजे | बागमती प्रदेश भरका सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

**आयोजक**

**६७ औं राष्ट्रिय सहकारी दिवस २०८०**
**मूल समारोह समिति, बागमती प्रदेश, हेटौंडा**

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना